# विराटनगर महानगरपालिका

बैठक संख्याः ७५ | बैठक प्रारम्भः दिउँसो २ : ०० बजे

मितिः २०७७/६/२८ | बैठक स्थगनः ५ : ३० बजे

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको वैठक बसी निम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो ।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उप-प्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देवेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | झरीलाल महतो | |
| १६ | का.वा. सदस्य | श्री महिचन्द्र यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | का.वा. सदस्य | श्री राजदेव यादव | |
| २१ | का.वा. सदस्य | श्री जीतेन्द्र खवास | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |

| | | | |
|---|---|---|---|
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री गायत्री कुमारी दास | |
| २९ | सदस्य सचिव | श्री इन्द्रमणि पोखरेल | |
| ३० | आ.सहयोगी | अर्जुन थपलिया | |
| ३२ | आ.सहयोगी | राजेन्द्र प्रधान | |

**प्रस्ताव तथा निर्णय :**

**निर्णय नं. १**

विराटनगर महानगरपालिकाको लागि प्रस्तावित तपसिल बमोजिमका नियमावली, निर्देशिका तथा कार्यविधि तथा दिग्दर्शन नगर प्रमुखले प्रमाणित गर्ने गरी पारित गर्ने निर्णय गरियो ।

तपसील:

क. महानगर बहुप्राविधिक विद्यालय संचालन नियमावली, २०७७

ख. भवन निर्माण मापदण्ड, २०७७ (संशोधन)

ग. सहकारी नियमावली २०७७, सहकारी संस्था एकिकरण सम्बन्धि कार्यविधि २०७७ र सहकारी संस्था दर्ता दिग्दर्शन २०७७

घ. "घ" वर्गको निर्माण व्यवसाय इजाजतपत्र सम्बन्धि नियमावली २०७७

**निर्णय नं. २**

शिक्षालय संचालनका लागि आवश्यक श्रोत साधनको व्यवस्थापन गर्ने जिम्मेवारी महानगरपालिकाको हुनेछ र माथि निर्णय नं. १ (क) बमोजिम महानगर प्राविधिक शिक्षालय निर्देशिका २०७७ कार्यान्वयनको लागि निम्नानुसार गर्ने निर्णय गरियो ।

क) महानगर बहुप्राविधिक शिक्षालय संचालनका लागि महानगर बहुप्राविधिक शिक्षालय र सामुदायिक विद्यालय बीच सम्झौता गर्ने अधिकार नगर प्रमुखलाई दिने ।

ख) प्राविधिक शिक्षालय सचालनको लागि आवश्यक प्राचार्य(प्रिन्सिपल) नवौं तह, लेखापाल पांचौतह र कार्यालय सहयोगीको पदपूर्ति सम्बन्धमा महानगर कर्मचारी व्यवस्थापन ऐन, २०७६ बमोजिम गर्ने ।

ग) शैक्षिक सत्र २०७७।०७८ को विद्यार्थीको शुल्क ३(तिन) वर्षको रु.१५०,०००।०० लिने सम्बन्धमा नगर प्रमुखले गरेको निर्णयलाई अनुमोदन गर्ने ।

**निर्णय नं. ३**

श्री के.एल. निर्माण सेवा विराटनगर १, श्री रोयल व्लु ल्याडर कन्स्ट्रक्सन एण्ड सप्लायर्स विराटनगर ६ र श्री एम. आर. पी. निर्माण सेवा विराटनगर ११ लाई मिति २०७६।१०।२६ को निर्णयानुसार निर्माण व्यवसाय इजाजतपत्र प्रदान गर्न नगर प्रमुखले गरेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

विराटनगर महानगरपालिका, १६ नं. वडा कार्यालय भवन निर्माणका लागि आवश्यक जग्गा १(एक) कठ्ठा बोलपत्र मूल्यांकन समितिवाट मिति २०७७/०६/२६ गते भएको सिफारिस अनुसार प्रहरी तालिम केन्द्र (केमिकल मार्ग) पूर्व रानीपथ देखि पश्चिम तर्फ जाने दुवै तर्फ पक्की नाला भएको कम्तिमा २० फिटे पिच वा ग्राभेल सडकसंग टांसिएको क्षेत्रमा जग्गाको चलनचल्ती मूल्य प्रतिकठ्ठा रु.४०,००,०००।०० (चालिस लाख )का दरले किनबेच भई रहेको र मालपोत कार्यालय मोरगंवाट अद्यावधिक गरि प्रकाशित भएको न्यूनतम मूल्यांकन पुस्तिकामा साविक विराटनगर वडा नं.१९,२०,२१ र २२ को घ वर्गमा नापी भएको जग्गाको न्यूनतम मूल्यांकन प्रति कठ्ठा रु.२३,००,०००।००(तेईस लाख मात्र) कायम भएकोमा सर्जमिनका आधारमा चलन चल्तीको किनबेचको मूल्य प्रति कठ्ठा रु.४०,००,०००।०० (चालिस लाख) रहेकोले सोहीलाई आधारमानी उल्लेखित क्षेत्रभित्रको जग्गा खरीदका

लागि सार्वजनिक खरीद ऐन २०६३ तथा सार्वजनिक खरीद नियमावली २०६४ बमोजिम बोलपत्र प्रकाशित गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

कोभिड १९ नियन्त्रण तथा रोकथामका लागि संचालनमा रहेका क्वारेन्टाईन तथा आईसोलेशन केन्द्रहरु, होल्डिगं सेन्टर तथा होम आईसोलेसनमा रहेका व्यक्ति/संक्रमितहरुलाई आवश्यकताको आधारमा अस्पताल, आवत जावत तथा स्वाव संकलन केन्द्रमा ल्याउन पुर्‍याउन प्रयोगमा रहेका सवारी साधनमा कार्यरत चारजना चालक क्रमश: पोखरीया मा.वि.को(फिर्ता भैसकेको) भारी सवारी चालक १ जनालाई दैनिक चिया खाजा खाना तथा आयकर समेत रु.३०००।००, नेपाल रेडक्रस सोसाईटीबाट उपलव्ध एम्बूलेन्स हलुका सवारी चालक १ जनालाई निजले आफ्नो कार्यालयबाट मासिक पाउने तलब रु.१९९८०।०० समेतलाई समायोजन गरी दैनिक चिया खाजा खाना तथा आयकर समेत रु.१३३४।००, नोबेल मेडिकल कलेजबाट उपलव्ध एम्बुलेन्स चालक हलुका सवारी चालक १ जनालाई दैनिक चिया खाजा खाना तथा आयकर समेत रु.२०००।०० र नगरपालिकाको एम्बूलेन्स चालक १ जनालाई रु.१०२४।०० दैनिक मिति २०७७।०२।२७ देखि कार्यरत रहुन्जेलसम्म उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५

विराटनगर २ स्थीत महेन्द्र रात्री मा.वि.मा कक्षा ५ सम्म दिउसो र कक्षा ६ देखि १० सम्म सांझ(रात्री)मा विद्यालय संचालन हुने विद्यालय सहयोगी एकजनालाई दुवै समयमा एउटै पारिश्रमिकमा कामकाजमा खटाउन न्यायोचित नहुने भएकोले विद्यालयको माग बमोजिम मासिक थप रु.४०००।०० विविध खर्च शिर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६

वेष्ट मेनेज्मेन्ट ग्रुप नेपालले विराटनगर महागरपालिकामा मिति २०७६।०६।२१ मा महानगरद्वारा संचालित क्वारेन्टाईन तथा आईसोलेशन सेन्टरहरुबाट निस्किएको फोहोर संकलन, ढुवानी र ल्याण्डफिल व्यवस्थापन गरेवापत मिति २०७७।०२।२५ देखि २०७७।०६।०६ सम्मको रकम रु.४२११५५।०० माग भएको सन्दर्भमा कोभिड १९ को महामारीको समयमा संक्रमितहरुको समेत उल्लेखित जोखिमयुक्त कार्य गरेकोमा प्रति ट्रेक्टर रु.५३००।०० (फोहोर जलाउने इन्धनसमेत) कार्य गरेवापत २०७७।०६।०६ सम्मको ६७ ट्रिपको रकम रु.३५५१००।०० उपलव्ध गराउने । साथै उक्त समय उप्रान्त फोहोर व्यवस्थापनको कार्यतालिका तयारगरी सबै आईसोलेसन केन्द्रहरुबाट निस्कने फोहोरलाई एकिकृत रुपमा प्रतिट्रिप रु.५३००।०० का दरले मासिक बढिमा १६ ट्रिप नियमित संकलन गराउने निर्णय गरियो । यसको भूक्तानी विपद व्यवस्थापन कोषबाट गर्ने ।

निर्णय नं. ७

सामाजिक विकास समितिको मिति २०७७।०६।२७ को निर्णयानुसार नगर कार्यपालिकामा निम्नानुसारको सिफारिस प्राप्त भएकोमा सम्बन्धित वडाहरुबाट यसको प्रभावकारी कार्यान्वयन गर्ने निर्णय गरियो ।

क) सामाजिक सुरक्षा ऐन २०७५ को दफा १५ मा कुनै सरकारी वा सार्वजनिक पदमा मनोनित भएको व्यक्ति, सरकारी कोषबाट निवृत्त भरण पाईरहेका व्यक्ति र अन्य कुनैपनि प्रकारले नियमित पारिश्रमिक, निवृत्तभरण, अवकास सुविधा एवं अन्य सुविधा पाईरहेका व्यक्तिले सामाजिक भत्ता नपाउने ।

ख) शैक्षिक संस्था, स्वास्थ्य संस्था, मठ मन्दिर, धार्मिक स्थल लगायत सार्वजनिक स्थलको १०० मिटरको क्षेत्रभित्र मदिराजन्य तथा सूर्तिजन्य पदार्थको बिक्री वितरण तथा प्रयोगमा पुर्णतया निषेध गर्ने ।